# मेचीनगर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## कोशी प्रदेश, नेपाल

प सं प्रशासन २०८१/०८२

च.नं ३३८९

मिति २०८१।११।०५

### सवारी साधन भाडामा लिने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित : २०८१/११/०५)

मेचीनगर नगरपालिका नगर कार्यपालिकाको कार्यालयको आ.व. २०८१/०८२ मा मेचीनगर नगरपालिका मुकाम रही प्रयोग गर्ने गरी तोकिएको शर्तको अधिनमा रही सवारी साधन भाडामा लिने निर्णय गरेकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीबाट नियमानुसार खरिद प्रकियामा भाग लिनका लागि मिति २०८१/११/१२ गते भित्र नि:शुल्क दरभाउ फारम बुझीलिई मिति २०८१/११/१२ गते दिनको २:०० बजे भित्र यस कार्यालयको खरिद इकाइमा दरभाउ पत्र खामबन्दी गरी दर्ता गरिसक्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। यस सूचना सम्बन्धी विस्तृत विवरण र शर्तहरु यस कार्यालयको वेभसाइट https://mechinagarmun.gov.np तथा आन्तरीक व्यवस्थापन तथा खरिद शाखामा सम्पर्क राखी लिन सकिनेछ।

अग्निप्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

अग्नि प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

**सवारी साधन भाडामा लिने सम्बन्धी शर्तहरुः**

१. चालु अवस्थामा रहेको सुमो बोलेरो वा सो सरहको सवारीसाधन हुनुपर्ने ।
२. कालो नम्बर प्लेटको सबारी साधनको ब्लुबुक नविकरण भएको हुनुपर्ने।
३. कम्तिमा तेस्रो पक्ष बिमा गरेको हुनुपर्ने।
४. सार्वजनिक विदाको दिन सञ्चालन नगरिने । सञ्चालन गर्नुपर्ने भएमा आपसी समझदारीमा कार्य गरिने ।
५. सवारीधनीले सवारीचालक अनुमतीपत्र भएको चालकको व्यवस्था गर्नुपर्ने।
६. इन्धनको व्यवस्था नगरपालिकाले व्यहोर्नुपर्ने।
७. मर्मत खर्च सवारीधनी स्वयंले व्यहोर्नुपर्ने।
८. मर्मत गर्नुपर्ने भई लगातार २ दुई दिनभन्दा बढी समय सम्म संचालानमा नआएको खण्डमा सो अवधीको लागत मुल्य घटाई भुक्तानी गरिने साथै सम्झौता समेत रद्द गरिनेछ ।
९. भाडा रकम भुक्तानी गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र प्रचलित कानुन बमोजिम भुक्तानी हुने ।
१०. सवारी भाडा लिदा अग्रिम पेश्की उपलब्ध नगराइने।
११. अन्य आवश्यक विषयहरुका सम्वन्धमा नगरपालिकाले निर्णय गर्न सक्ने ।

**दरभाउ पत्रसाथ व्यक्ति तथा फर्मले पेस गर्नुपर्ने कागजातहरु**

१ .व्यक्तिको हकमाः

- नागरिकताको छायाँप्रति थान- १
- सवारी चालकको नागरिकताको छायाँप्रति थान-१
- सवारी चालकको सवारी चालक अनुमतीपत्रको छायाँप्रति थान-१ (नविकरण भएको)
- सवारी साधनको व्लुबुकको छायाँप्रति थान-१ (नविकरण भएको)
- सवारी साधनको तेस्रोपक्ष बीमाको प्रमाणित कागजातको छायाँप्रति थान-१

२ .कम्पनी वा फर्मको हकमाः

- फर्म दर्ता प्रमाणपत्रको छायाँ प्रति थान-१
- करचुक्ता प्रमाणपत्र (०८०/०८१) को छायाँ प्रति थान-१
- सवारी चालकको नागरिकताको छायाँप्रति थान-१
- सवारी चालकको सवारी चालक अनुमतीपत्रको छायाँप्रति थान-१ (नविकरण भएको)
- सवारी साधनको व्लुबुकको छायाँप्रति थान-१ (नविकरण भएको)
- सवारी साधनको तेस्रोपक्ष बीमाको प्रमाणित कागजातको छायाँप्रति थान-१

CamScanner